# जिल्ला समन्वय समितिको कार्यालय, कास्की

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित)

## स्वतः प्रकाशन (Proactive Disclours)

## आ.व.२०८१/८२ को अन्तिम त्रैमासिक (वैसाख–आषाढ)

<u>प्रकाशक</u>

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

CamScanner

# जिल्ला समन्वय समितिको कार्यालय, कास्की

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ वमोजिम प्रकाशित)

## स्वतः प्रकाशन (Proactive Disclours)

## आ.व.२०८१/८२ को अन्तिम त्रैमासिक (वैसाख—आषाढ)

<u>प्रकाशक</u>

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

CS CamScanner

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था वमोजिम सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । अनुगमन र समन्वयको महत्वपुण जिम्मेवारी भएको यस कार्यालयले आ.व ०८१।८२ को वैसाख देखि आषाढ मसान्त सम्मको त्रैमासिक मा भए गरेका सम्पादित कामहरुको कृयाकलाप स्वत प्रकासन गरिएको छ ।

जिल्ला समन्वय अधिकारी

| विषयसूची | पेज नं |
| --- | --- |
| १. कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. कार्यालयको काम, कर्तव्य र अधिकार | १ |
| ३. कार्यालयमा रहने कर्मचारी संख्या कार्य विवरण तथा कार्यालय वाट प्रदान गरिने सेवा | २ |
| ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्वन्धित शाखा प्रमुखहरु | ३ |
| ५. सम्पादन गरेको कामको विवरण | ४ |
| ६. सूचना अधिकारी र प्रमुखको नाम र पद | ८ |
| ७. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण | ८ |
| ८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ९ |

१. कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानले जिल्ला भित्ररहेका गांउपालिका तथा नगरपालिकाबीच समन्वय गर्न विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने तथा जिल्ला भित्र रहेका संघ प्रदेश का सरकारी कार्यालय र स्थानीय तहहरुबीच समन्वय कायम गर्ने कार्य जिम्मेवारीका साथ जिल्ला समन्य समितिको व्यवस्था गरेको छ ।जिल्ला समन्वय समितिमा निर्वाचित निकायको रुपमा प्रमुख, उपप्रमुख र सदस्य सहित बढिमा ९ जना पदाधिकारी रहने व्यवस्था छ । सचिवालयमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको प्रशासकिय प्रमुखको रुपमा रा.प द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी र अन्य कर्मचारी रहने व्यवस्था छ । संघीयता कार्यन्वयन संगै समन्वय सहजीकरण मुख्य जिम्मेवारी र भुमिकाका साथ यस कास्की जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय स्थापना भै पोखरा महानगरपालिका वडा नं - ७ शहिदचोकमा अवस्थित छ ।

२. कार्यालयको काम कर्तव्य र अधिकार

नेपालको संविधान अनुसार यस कार्यालयका काम कर्तव्य र अधिकार निम्न रहेको देखिन्छ

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,


(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने,

(घ) प्रदेश कानून वमोजिमका अन्य कार्यहरू गर्ने ।

यसका अलावा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्वन्धि कार्यविधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रदेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले यस कार्यालयको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको छ । यरी विधमान संविधान तथा कानुनले तोके अनुसार हाल यस कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरण :

३.१ स्वीकृत संगठन संरचना :




३.२ दरवन्दी र कार्यरत कर्मचारी संख्या :

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल यस कार्यालयमा देहाय वमोजिमको १३ जना स्विकृत दरवन्दी रहेकोमा निम्नानुसार कर्मचारी कार्यरत रहेका छन् :

| सि न | पद | श्रेणी | सेवा/समूह | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्व अधिकारी | रा.प.द्वितीय | प्रशासन/ सा.प्र. | १ | १ | |

नवराज वराल
जिल्ला समन्वय अधिकारी



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन/ सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि./सिभिल | १ | १ | |
| ४ | ना.सु. | रा.प.अनं प्रथम | प्रशासन/ सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन/ लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अनं प्रथम | इन्जि./सिभिल | १ | रिक्त | |
| ७ | खरिदार | रा.प.अनं द्धितीय | प्रशासन/ सा.प्र. | १ | १ | |
| ८ | ह.स.चा | श्रेणी विहीन | | २ | २ | सेवा करारवाट पदपूर्ति |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | | ३ | ३ | |
| १० | ना.सु. सेवा करार | रा.प.अनं प्रथम | | १ | १ | |
| ११ | माली सेवा करार | श्रेणी विहीन | | | १ | आन्तरिक स्रोतवाट खर्च व्यहोर्ने गरी सेवा करार |
| १२ | सुरक्षा गार्ड सेवा करार | श्रेणी विहीन | | | २ | |

- स्वीकृत कर्मचारी दरवन्दी संख्या १२ जना र निजि सचिवालय तर्फ १ गरी जम्मा १३
- स्थायी कर्मचारी पूर्ति संख्या -६ जना
- करार सेवा वाट पूर्ति कर्मचारी संख्या - ५ जना
- निजि सचिवालय तर्फ सेवा करार -१जना
- रिक्त दरवन्दी -१ जना
- माली १ जना र सुरक्षा गार्ड २ जना सेवा करारमा लिइ आन्तरिक स्रोतवाट व्यवस्थापन



CamScanner

३.३ शाखागत कार्य विवरण :

नेपाल सरकारवाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कार्यालयमा निम्न वमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको प्रमुख कार्यहरू देहाय अनुसार रहेको छ ।

३.३.१ व्यवस्थापन शाखा :

कार्यालयको व्यवस्थापन शाखाले आन्तरिक प्रशासन, जिन्सि, आर्थिक व्यवस्थापन,कार्यालय व्यवस्थापन, अनुगमन तथा समन्वयको सहजीकरण गर्दछ ।हाल यस शाखाको शाखा प्रमुखको रुपमा शाखा अधिकृत श्री लक्ष्मु शर्मा हुनुहुन्छ ।शा.अ.लक्ष्मु शर्मालाइ अधिकार प्रत्यायोजन गरी कामको विशेष जिम्मेवारी समेत तोकिएको छ ।

३.३.२. अनुगमन तथा मुल्यांकन शाखा

जिल्ला भित्र सन्चालित विकास निर्माण सग सम्वन्धित कार्यको अनुगमन प्रतिवेदन तयार गर्ने लगायत प्राविधिक परीक्षण काम गर्दछ ।हाल यस शाखाको शाखा प्रमुखकोरुपमा इ. महेश पोखरेल हुनुहुन्छ

४. सम्पादन गरिएका मुख्य कामहरु

१. जिल्ला समन्वय समितिको वैठक :

२०८२ वैसाख देखि आषाढ मसान्त सम्म ३ महिनाको अवधिमा जिल्ला समन्वय समितिको निम्नानुसार वैठक वसी देहायका महत्वपूर्ण निर्णयहरु गरेको ।

| वैठक मिति | निर्णय संख्या | महत्वपूर्ण निर्णयहरु |
|---|---|---|
| २०८२/१/९ | ७ | वित्तीय जोखिम मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्ने, स्थानीय तहको असल अभ्यास सिकाइ अनुभव आदान प्रदान कार्यक्रमलागि गृहकार्य अगाडी वढाउने , कास्की जिल्ला स्थित वालगृह संचालकहरुसंग अन्तरकृया कार्कक्रम गर्ने आदि |
| २०८२/२/५ | ५ | जिल्ला विकास समितिको मौजाद कोषको रकम कोष संचालन निर्देशिका वमोजिम लागत साझेदारी गर्न स्थानीय तहहरुलाइ प्रस्ताव माग गर्ने ,जिल्ला सभा गर्ने लगायतका विषयहरु |

| | | |
|---|---|---|
| २०८२/२/३० | २ | आषाढ महिनामा जिल्ला सभा गर्ने गरी तयारी वैठकहरु गर्ने, हाल सम्म सम्पादित कार्य प्रगति र योजनाको अनुगमन वारेमा छलफल |
| २०८२/३/२७ | ५ | नियमित कार्यहरुका अतिरिक्त गुनासो आएका विषयहरुमा तत्काल सम्वन्धित ठांउमा गइ समस्या समधानका लागि भएका प्रयास वारे जानकारी, करार कर्मचारी र घर जग्गा भाडाको म्याद थप, जिल्ला सभाको लागि आवस्यक तयारी गर्ने वारे । |

## २. योजना अनुगमन :

- मिति २०८२/२/१९ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा स्थानीय पुर्वधार विकास आयोजना कार्यालयवाट संचालित
    - I. हर्पनखोला पुल
    - II. घांटिछिना -मकाले -सिदानपुर सडक र
    - III. पामे वडारे कृषि रोड देखि वडा नं २४ जाने वाटोको अनुगमन तथा स्थलगत निरीक्षण
- मिति २०८२/२/२२ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पूर्वधार विकास कार्यालय कास्कीद्धरा संचालित
    - I. चण्डी खोला पुल, पोखरा -२८
    - II. वेगनास भोर्लेटार सडक (वेगनास तालवेसी खण्ड)
- वेगनास भञ्ज्यांग आनन्दज्योती सडकको अनुगमन तथा स्थलगत निरीक्षण कार्य
- मिति २०८२/२/२२ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा सडक डिभिजन कार्यालय कास्कीद्धरा संचालीत दम्सादीघाट छोरेखोला पुलको अनुगमन तथा स्थलगत निरीक्षण
- मिति २०८२/२/२३ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा सडक डिभिजन कार्यालय कास्कीद्धरा संचालीत पर्वत र कास्की अन्नपूर्ण ८ जोड्ने भुरुङदी खोला मोटरेवल पुल को अनुगमन

नवराज वराल
जिल्ला समन्वय अधिकारी



CamScanner

➢ २०८२/२/२५ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा तिकलाङ मुसेटुंडा पावरहाउस मोटरेवल पुल अनुगमन

➢ २०८२/३/९ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा तिकलाङ मुसेटुंडा पावरहाउस मोटरेवल पुल आसपासमा नदीजन्य पदार्थ अनुगमन तथा स्थलगत निरीक्षण

➢ २०८२/३/१० मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिका वडा नं २३ तोराखोलामा भएको क्षति वारे स्थलगत अनुगमन

➢ २०८२/३/२५ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिका वडा नं १६र १९ को गोस्टेघाटमा वाटो तथा सवदाहन स्थल निर्माण कार्यको अनुगमन

३. समन्वयात्म वैठक:

➢ २०८२/१/११ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा थुमाको डांडा खानेपानी आयोजना मादी वडा नं ३,४ का सम्वन्धमा भएको विवाद समधानका लागि मा. मन वहादुर गुरुगं र मा. वेद वहादुर गुरुगं ज्यू लगायतका सरोकारवालाहरुको उपस्थितिमा विवाद समाधानका लागि समन्वयात्म वैठक सम्पन्न ।

➢ २०८२/२/२८ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा मुसेटुंडा पावरहाउस मोटरेवल पुलमा निर्माणस्थलमा भएको नदिजन्य पदार्थको चोरी निकासी सम्वन्धमा सम्वद्ध वडा अध्यक्ष पुल निर्माण सरोकारवाला समिति लगायतका सरोकारवालाहरुको उपस्थितिमा समन्वयात्मक वैठक सम्पन्न ।

४. जिल्ला परियोजना सल्लाहकार समितिको वैठक :

मिति २०८२/३।१२ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी कोपिला नेपालवाट संचालित आयोजनाहरुवारे छलफल सम्पन्न

५. वित्तीय सुशासन जोखिम मूल्यांकन तथा प्रतिवेदन तयारी :

यस कार्यालयवाट कास्की जिल्लाका स्थानीय तहहरुको वित्तीय सुशासन जोखिम मुल्यांकन गरी अन्तिम नतिजा मिति २०८२।१।१६ गते सार्वजनिकीकरण गरिएको थियो । जस अनुसार रुप गांउपालिकाले सवैभन्दा वढी ६८ अंक ल्याइ जिल्लामा उत्कृष्ट देखिएको थियो ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

| नगरपालिका / गाउँपालिका | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | राजस्व व्यवस्थापन | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| अन्नपूर्ण गाउँपालिका | १८ | १९.५ | ११ | ७.५ | १०.५ | ६६.५ |
| माछापुच्छ्रे गाउँपालिका | १०.५ | १५.५ | ९ | ५.५ | ४.५ | ४५ |
| मादी गाउँपालिका | १३.५ | २२ | १२ | ७ | ७ | ६१.५ |
| पोखरा महानगरपालिका | १० | १८ | ५ | ३.५ | ११ | ४७.५ |
| रूपा गाउँपालिका | १६.५ | १७.५ | १३ | ८.५ | १२.५ | ६८ |

६. महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्वन्धि कार्य :

क. महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयवाट तोकिए अनुसार साविकका महिला तथा वालवालिका कार्यालय कास्कीवाट प्रवर्द्धन गरिएका २४ वटा सहकारी संस्था / समिति मार्फत चालु कोष निर्देशिका २०६१ बमोजिम विपन्न महिलाका लागि आयआर्जन वढाउन कार्यक्रम संचालन गर्न चालु कोष रकम उपलव्ध गराएकोमा ५ वर्षमा उक्त कोष रकम फिर्ता गर्नु पर्नेमा फिर्ता नगरेका संस्थाहरुवाट रकम असुली गरि दाखिला गर्न यस कार्यालयलाइ अनुरोध भएकोमा निम्नानुसारका संस्थाहरुवाट रु ४ लाख ४८ हजार रकम असुली फिर्ता गराइ दाखिला गरिएको भौचर यस कार्यालयमा प्रप्त भएको। अन्य संस्थाहरु लाइ पनि यस कार्यालयवाट पत्राचार गरिएको तर वुझाएको जानकारी हुन नआएको ।

| सि नं | संस्थाको नाम ठेगाना | दाखिला रकम रु | दाखिला वैकको नाम | भौचर नं |
|---|---|---|---|---|
| १ | सक्रिय महिला विकास वचत तथा ऋण स.स लि पोखरा २२ पुम्दीभुम्दी कास्की | ३७००००.०० | रा.वा.वैक पृथ्वीचोक पोखरा | ८७५१८६० |
| २ | सक्रिय महिला विकास वचत तथा ऋण स.स लि पोखरा २२ पुम्दीभुम्दी कास्की | २२०००.०० | रा.वा.वैक पृथ्वीचोक पोखरा | ८७५१८६१ |

| | | | | |
|---|---|---|---|---|
| ३ | हरिहर महिला बचत तथा ऋण सहकारी संस्था लि. भलाम कास्की | ५६०००.०० | रा.बा.बैंक पृथ्वीचोक पोखरा | ८२७८३८९ |
| | जम्मा रु | ४४८०००.०० | | |

ख. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प.सं २०८१/८२ च. नं ३६ मिति २०८२/३/३ को पत्रानुसार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा यौनिक तथा लैगिक अल्पसंख्यकहरुका सम्बन्धमा सरोकारवालाहरुबीच अन्तरकृया / छलफल गरी उक्त समुदायलाइ सामाजिक अन्तरघुलनबाट मर्यादित जीवनयापन गर्ने वातावरणमा सहजता ल्याउने तथा सरकारी सेवा प्रवाहमा समेत सहजता ल्याउने उद्धेश्यले यौनिक तथा अल्पसंख्यक सम्बन्धि १ एक दिने अन्तरकृया कार्यक्रम ३४ जना सहभागीहरुको सहभागिता र यस कार्यालयको समन्वयमा मिति २०८२/३/१० गते सम्पन्न भएको ।

## ४. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरणः

कार्यालय प्रमुखको नाम र पद : नवराज बराल / जिल्ला समन्वय अधिकारी

सुचना अधिकारीको नाम र पदः लक्ष्मु शर्मा / शाखा अधिकृत

सूचना अधिकारीको सम्पर्क मो. नं : ९८५६००१५४४, इमेल : ddckaski@gmail.com

## ५. आम्दानी खर्चको विवरण

आन्तरिक तर्फ

| आम्दानी गत आ.व को अल्या | यस महिना सम्मको | जम्मा आम्दानी | जम्मा खर्च | वांकी |
|---|---|---|---|---|
| १४६८८२७९७९.०६ | ९५९४६७१ | १५६४७७४५०.०६ | १०६६४३९७ | १४५८१३०५३.०६ |

नवराज बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

संघ तर्फ

| खर्च शीर्षक | आम्दानी | खर्च | वांकी रु |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी पारिश्रमिक र पदाधिकारी सुविधा | १०३९५०००.०० | १००८४२५४.३० | ३१०७४५.७० |
| निजी सचिवालय करार कर्मचारी पारिश्रमिक | ४४८०००.०० | ४४८०००.०० | ०.०० |
| पानी विजुली संचार अन्य अनिवार्य दायित्व खर्च | ३००७०००.०० | ३००७०००.०० | ०.०० |
| कार्यक्रम खर्च | ३८८०००.०० | ३६४२२०.०० | २३७८०.०० |
| सामाजिक विकास कार्यक्रम अनुगमन खर्च | १०००००.०० | ९१२५५.०० | ८७४५.०० |
| अनुगमन भ्रमण खर्च | ७७६०००.०० | ७७६०००.०० | ०.०० |
| जम्मा | १५११४०००.०० | १४७७०७२९.३ | ३४२२७०.७० |

६. विधामान ऐन नियम तथा कानुनहरु :

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- अनुगमन तथ मुल्यांकन ऐन २०८०
- गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्वन्धि कार्यविधी ऐन २०७५
- ढुगां गिटी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन मापदण्ड २०७७

..................
लक्षु शर्मा
(सूचना अधिकारी)

..................
नवराज वराल
(जिल्ला समन्वय अधिकारी)

नवराज वराल
जिल्ला समन्वय अधिकारी



CamScanner